आज मिति २०८२।१२।१८ गते यस गौरीशंकर गाउँपालिकाको ५१ औ कार्यपालिका बैठक गौरीशंकर गाउँपालिका अध्यक्ष श्री विश्वास कार्कीज्यूको अध्यक्षतामा तपसिल बमोजिमको उपस्थितिमा बैठक बसी देहाय बमोजिम निर्णय गरियो ।

तपसिल :

| | |
|---|---|
| १. अध्यक्ष | श्री विश्वास कार्की |
| २. उपाध्यक्ष | श्री उमा लुङ्गेली मगर शेर्पा |
| ३. वडा नं १ अध्यक्ष | श्री प्रकाश बहादुर खड्का |
| ४. वडा नं २ अध्यक्ष | श्री रोहित बुढाथोकी |
| ५. वडा नं ३ अध्यक्ष | श्री युग बहादुर बस्नेत |
| ६. वडा नं ४ अध्यक्ष | श्री शिवहरी खत्री |
| ७. वडा नं ५ अध्यक्ष | श्री सुन्दर खड्का |
| ८. वडा नं ६ अध्यक्ष | श्री निमासाङ्गे शेर्पा |
| ९. वडा नं ७ अध्यक्ष | श्री सोनाम शेर्पा |
| १०. वडा नं ८ अध्यक्ष | श्री दावारेन्जी शेर्पा |
| ११. वडा नं ९ अध्यक्ष | श्री ङिमगेली शेर्पा |
| १२.कार्यपालिका सदस्य | श्री देवी घतानी |
| १३.कार्यपालिका सदस्य | श्री गंगा चर्मकार सार्की |
| १४. कार्यपालिका सदस्य | श्री जिमि शेर्पा |
| १५. कार्यपालिका सदस्य | श्री डोमा शेर्पा |
| १५. कार्यपालिका सदस्य | श्री आङदोर्जी शेर्पा |
| १६. कार्यपालिका सदस्य | श्री लानुरी शेर्पा |
| १७. प्रमुख प्रशासकिय अधिकृत | श्री रिजेश उपरकोटी |

विविध :

प्रस्तुत विषयमा यस गौरीशंकर गाउँपालिका वडा नं. ६ स्थित रहेको किता नं. १५१ जग्गा सार्वाजानिक स्थानमा रहेको र बन क्षेत्रमा नपर्ने हुदा सो जग्गा मा वागमती प्रदेश सरकारको २०८२/०८३ को विनियोजित बजेट बाट वडा स्तरिय खेलकुद मैदान जयन्तिपुर गौरीशंकर गाउँपालिका वडा नं. ६ को योजना निर्माण गर्नको लागी कुनै पनी बाधा नपर्ने भनी वडा नं ६ को कार्यालय,चंखु बाट सिफारिस भई आए बमोजिम यस कार्यपालिकाबाट सोही अनुसार सिफारिस गर्ने निर्णय गरियो

रिजेश उप्रेकोटी
प्रमुख प्रशासकीय अधिकृत
निर्णय प्रमाणित
२०८२/१२/१८

विश्वास कार्की
अध्यक्ष

विविध :

प्रस्तुत विषयमा यस गौरीशंकर गाउँपालिकाको कार्यपालिका बैठकमा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, सिंहदरबार, काठमाडौं (स्थानीय तह समन्वय शाखा) को च.नं. ५१८, मिति २०८२/१२/१७ को पत्रानुसार यस गाउँपालिका अन्तर्गत रहेको कृषि हाटबजार पूर्वाधारको हालको अवस्था तथा थप पूर्वाधार निर्माणको आवश्यकता एवं सम्भाव्यता सम्बन्धमा छलफल हुँदा निम्न निर्णय गरियो:

| क.स. | विवरण | कैफियत |
|---|---|---|
| १. | हाल स्थानीय तहमा रहेको कृषि हाट बजारको संख्या | १ |
| २. | कृषि हाट बजार संचालन हुने दिन/बार | प्रतेक महिनाको १५ गते |
| ३. | हालको कृषि हाट बजारको अवस्था (स्टल संख्या र अन्यपुर्वाधारको अवस्था) | ३ सटर बनाउन मिल्ने हाटबजार टहरा रहेको (भुईमा सिमेन्टेड, १ फिट सम्मको तल्लो बेस र जस्ताको छानो रहेको) |
| ४. | नयाँ कृषि हाट बजार संचालन गर्न आवश्यक भएमा के कति कृषि हाट बजार निर्माण/संचालन आवश्यक रहेको | ३ वटा हाट संचालन गर्न आवश्यक रहेको ( वडा नं. ५ गुरुम्फी, वडा नं. ५ भोर्ले, वडा नं. १ वा २ जुंगु ) |
| ५. | कृषि हाट बजार निर्माणको लागी जग्गा उपलब्धता भए नभएको र उपलब्ध हुने जग्गाको स्वामित्व/लालपूर्जाको अवस्था | व्यक्तिगत स्वामित्वको लालपुर्जा भएको जग्गा रहेको |
| ६. | कृषि हाट बजार निर्माण गर्नका लागि जग्गा उपलब्ध भएमा उपलब्ध हुने जग्गाको क्षेत्रफल (कठ्ठा/रोपनी) | सरकारी जग्गा नरहेको तर व्यक्तिगत जग्गा भाडामा लिई हाटबजार संचालनको लागी प्रयाप्त जग्गा रहेको |
| ७. | कृषि हाटबजार स्थापना हुने स्थलमा बिद्युत/सडक/यातायात आधारभुत सेवा सुविधाको अवस्था रहे/नरहेको | आधारभुत सम्पुर्ण सेवा सुविधाको रहेको |

निर्णय २०८२/... [signature]
... उप्रेती/उपरकोटी
प्रमुख प्रशासकीय अधिकृत

[signature]
विश्वास कार्की
अध्यक्ष

| | | |
|---|---|---|
| ८. | कृषि हाटबजार पुर्वाधार निर्माणको लागि आवश्यक अनुमानित कुल लागत जम्मा रु. | २ वटा हाट निर्माणको लागी ५०,००,०००/- |
| ९. | कृषि हाटबजार निर्माणको लागि आवश्यक कुल लागतमा स्थानीय तहबाट ५०% लागत साँझेदारी हुने सुनिश्चितता रहे/नरहेको | स्थानीय तहबाट ५०% लागत साँझेदारी हुने सुनिश्चितता रहेको |

रजीना ...कोटी
प्रमुख प्रशासकीय अधिकृत

विश्वास कार्की
अध्यक्ष